Email: lekhraj.khatiwada@cdn.tu.edu.np DOI: https://doi.org/10.3126/vangmaya.v18i1.47090

# 'राइटर बाजे' कथामा एकाकीपन

**डा. लेखराज खतिवडा**

## लेखसार

*प्रस्तुत अध्ययनकार्य अस्तित्ववादको एक उल्लेखनीय मान्यताका रूपमा रहेको एकाकीपनका आधारमा विश्वेश्वरप्रसाद कोइरालाले रचना गरेको 'राइटर बाजे' कथाको विश्लेषणमा केन्द्रित छ र त्यसका लागि मुख्य रूपमा व्याख्यात्मक विधि अवलम्बन गरिएको छ । प्रत्येक मान्छेले आफूलाई यस बिरानो संसारमा नितान्त एक्लै फालिएको अवस्थामा पाउँछ र यस संसारका ऊ एक पृथक् अस्तित्व लिएर मानिसहरूको भिडमा एक्लै बाँचिरहेको हुन्छ अनि एकाकीपनमा नै उसलाई आफ्नो अस्तित्वबोधसमेत हुन्छ भन्ने मान्यता अस्तित्ववादको रहेको छ । अस्तित्ववादको यस मान्यताको अभिव्यक्ति कोइरालाको प्रस्तुत कथामा निकै कुशल ढङ्गमा गरिएको छ । प्रस्तुत कथाकी नायिका भोटिनीले आफ्नो अस्तित्वको स्वतन्त्रतालाई अक्षुण्ण राख्दै आफ्ना पालनकर्ता राइटर बाजेलाई पतिवरण गरेपछि नारीत्वको सार्थकता अनुभव गर्नुका साथै एउटी छोरी जन्मेपछि मातृत्वको सार्थकतासमेत अनुभव गर्दै जीवनका पूर्ण सार्थकताको अनुभूति गरेकी भए पनि अचानक छोरीको मृत्यु भई पतिसमेत क्षयरोगका कारण मृत्युशय्यामा छटपटाएपछि पतिको उपचारार्थ खर्च जुटाउन वेश्यासमेत बनेकी भए पनि पतिले संसार त्यागेर गएपछि कुष्ठरोग लिँदै एकाकीपनबोध गरेर जीवन बाँच्न बाध्य भएको देखाइएको छ । यसबारे खासै अध्ययन नभएकाले यो अध्ययन गरिएको हो । त्यसको अध्ययनका लागि पुस्तकालयीय कार्यद्वारा सामग्री सङ्कलन गरिएको छ र सामग्रीको विश्लेषण वर्णनात्मक, व्याख्यात्मक एवं विवेचनात्मक विधिमा गरिएको छ । भोटिनीले एक्लै जीवनमा महत्त्वपूर्ण निर्णयहरू गर्दै ती निर्णयबाट उत्पन्न परिस्थितिप्रतिको उत्तरदायित्व एक्लै वहन गर्नुका साथै समग्र जीवन एकाकीपनबोध गर्दै बाँच्नुपरेको देखाई प्रस्तुत कथामा अस्तित्ववादको एक मूलभूत मान्यताका रूपमा रहेको एकाकीपनको अभिव्यक्ति निकै प्रभावकारी ढङ्गमा गरिएको छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।*

**शब्दकुञ्जी** : उत्तरदायित्वबोध, निरर्थक, मृत्युसत्य, वरण, व्यक्तिअस्तित्व ।

# [Loneliness in 'Writer Baje' Story

**Dr. Lekh Raj Khatiwada**

## Abstract

It examines the story 'Writer Baje' by Bishweshwar Prasad Koirala on the basis of loneliness, a belief characteristic of existentialism. In this research, the mainly explanatory method has been used. In this strange world, we find ourselves totally alone. In this world, we live

alone in a crowd of people, each with their own existence. Simultaneously, existentialism argues that alone, we experience our own sense of existence. This idea of existentialism is expressed quite well in Koirala's story. Bhotini, the protagonist of this story, has discovered the importance of femininity after marrying the writer Baje and maintaining her independence of existence. She has also realized the significance of parenting with the birth of her daughter. She first understood the true meaning of life. Her daughter died unexpectedly, and her husband was also suffering from tuberculosis. She has been unable to raise funds for her husband's medical treatment since he became gravely ill. As a result, she has turned into a prostitute. She was left alone after her husband died. She is afflicted with leprosy. This study has been done as there are not many studies on it. For its study, the material has been collected through library work and the material has been analyzed in descriptive, explanatory, and critical methods. The study concludes that Bhotini makes important decisions in life alone, bearing responsibility for the circumstances arising from those decisions, and living a life of loneliness as a whole.

**Keywords:** the sense of responsibility, meaninglessness, the truth of death, choice, personality]

## विषयपरिचय

प्रस्तुत अध्ययनकार्य विश्वेश्वरप्रसाद कोइराला (वि. सं. १९७१–वि. सं. २०३९) ले रचना गरेको 'राइटर बाजे' कथामा भेटिने एकाकीपनको विश्लेषणसँग सम्बन्धित छ। कोइराला नेपाली साहित्यक्षेत्रका विख्यात प्रतिभा हुन् । उनले कविता, कथा, उपन्यास, आत्मकथा आदि विभिन्न साहित्यिक विधा तथा उपविधाको रचना गरेका छन् तापनि आख्यान (कथा र उपन्यास) विधाको रचनामा उनको योगदान निकै महनीय रहेको छ। वि. सं. १९९२ को *शारदा* पत्रिकामा 'चन्द्रवदन' शीर्षकको कथा छपाएर उनी आधुनिक नेपाली कथाक्षेत्रमा देखा परेका हुन् । उनको यो कथा प्रकाशित भएपछि आधुनिक नेपाली कथापरम्परामा मनोवैज्ञानिक धाराको थालनी भएको हो। तसर्थ उनी आधुनिक नेपाली कथाको मनोवैज्ञानिक धाराका प्रवर्तक मानिन्छन् । उनले लगभग दुई दर्जन जति कथाहरूको रचना गरेर आफैले समारम्भ गरेको मनोवैज्ञानिक धारालाई अगि बढाउने कामसमेत गरेका छन् ।

कोइरालाले सुन्दरीजल बन्दीगृहमा रहँदाबस्दा आफ्नो सृजनशीलतालाई निरन्तरता दिँदै २०१९ सालमा 'राइटर बाजे' कथाको रचना गरेका हुन्। प्रस्तुत कथामा फ्रायडवादी मनोवैज्ञानिक चिन्तनको अभिव्यक्ति भेटिन्छ र यसलाई फ्रायडवादका आधारमा पनि विश्लेषण गर्न सकिन्छ । यद्यपि प्रस्तुत कथाको रचना कोइरालाले कुनै खास विचार एवम् चिन्तनको अभिव्यक्ति गर्ने उद्देश्यबाट गरेका हुन् । समाजमा सदियौँदेखि चल्दै आइरहेका कतिपय अन्धपरम्परा एवम् बेथिति र तिनले स्थापित गरेका सामाजिक मूल्यमान्यताका कारण व्यक्तिका अस्तित्वले बेहोर्नुपरेका जटिल समस्यालाई यसमा निकै राम्ररी उजागर गरिएको छ । प्रस्तुत कथामा कोइरालाले अस्तित्ववादी दर्शनका धरातलमा टेकेर व्यक्ति–अस्तित्वको उच्च मूल्याङ्कन गर्दै परम्परित सामाजिक मूल्यमान्यतालाई ठूलै हाँकसमेत दिएका छन् । त्यसैले 'राइटर बाजे' आधुनिक नेपाली कथापरम्परामा अस्तित्ववादी धाराको प्रवर्तनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने प्रभावशाली कथाका रूपमा देखापर्छ। यसरी अस्तित्ववादका आधारमा प्रस्तुत कथाको विश्लेषण गर्नु पनि एउटा महत्त्वपूर्ण प्राज्ञिक कार्य हुने देखिन्छ ।

'राइटर बाजे' कुनै खास विचार एवम् चिन्तनको प्रतिपादन गरेर रचिएको कथा हो र यसमा खासगरी नेपाली समाजमा वर्षौंदेखि जरा गाडेर बसेका कतिपय रूढ परम्पराका प्रभावमा अल्झिएको सामाजिक मानसिकताले गर्दा व्यक्तिअस्तित्वले झेल्नुपरेका अनेक अप्ठ्यारालाई निदर्शन गरिएको छ । कतिपय परम्परित सामाजिक अन्धपरम्परालाई चुनौती दिँदै रचिएको प्रस्तुत कथामा व्यक्तिका अस्तित्वको गहन मूल्याङ्कन गर्दै अस्तित्ववादी चिन्तन अभिव्यक्त गरिएको छ । प्रस्तुत कथामा यसकी मुख्य नायिका भोटिनीका चरित्र एवम् कार्यव्यापारका माध्यमबाट अस्तित्ववादी चिन्तन अभिव्यक्त गरिएको छ, तसर्थ अस्तित्ववादी दर्शनका आधारमा प्रस्तुत कथाको विश्लेषण गर्न सकिने देखिन्छ । प्रस्तुत अध्ययनकार्यमा भोटिनीका चरित्र एवम् कार्यव्यापारमार्फत अस्तित्ववादको एक मूलभूत मान्यताका रूपमा रहेको एकाकीपनका आधारमा मात्र 'राइटर बाजे' कथाको विश्लेषण गरिएको छ । प्रस्तुत कथामा भेटिने अस्तित्ववादको एक मूलभूत मान्यताका रूपमा रहेको एकाकीपनको खोजी गरेर एउटा नितान्त नूतन चिन्तनको अभिव्यक्ति गरिएकाले यो एउटा गहन प्राज्ञिक शोधमूलक अध्ययनका रूपमा रहेको छ, तसर्थ यो एउटा महत्त्वपूर्ण प्राज्ञिक कार्य बनेको छ । प्रस्तुत अध्ययनकार्यमा कोइरालाको 'राइटर बाजे' कथामा एकाकीपनको अध्ययनलाई नै मुख्य प्राज्ञिक समस्या बनाइएको छ । उक्त कथामा एकाकीपनको के कस्तो अभिव्यक्ति पाइन्छ भन्ने समस्यामा प्रस्तुत अध्ययनकार्य केन्द्रित रहेको छ ।

## शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलन विधि, विश्लेषणको विधि र सैद्धान्तिक ढाँचा पर्दछन् ।

प्रस्तुत अध्ययनकार्यका लागि आवश्यक पर्ने सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका छन् । प्रस्तुत अध्ययनको प्राथमिक सामग्रीका रूपमा कोइरालाले रचना गरेको 'राइटर बाजे' कथा रहन गएको छ । अस्तित्ववादका सम्बन्धमा लेखिएका लेखरचना एवम् पुस्तकहरूचाहिँ प्रस्तुत अध्ययनका निम्ति लिइएका द्वितीयक सामग्री हुन् । यी दुवै प्रकारका सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएका छन् ।

सङ्कलित सामग्रीको विश्लेषण व्याख्यात्मक र विवेचनात्मक विधिमा गरिएको छ ।

## विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत अध्ययनकार्यमा 'राइटर बाजे' कथाको विश्लेषणको मुख्य सैद्धान्तिक आधारका रूपमा अस्तित्ववादका मूलभूत मान्यताहरूमध्येको एक एकाकीपनलाई लिइएको छ । सबै अस्तित्ववादी चिन्तकहरूका व्याख्या एवम् विवेचनामा यस मान्यताको निकै गहन चर्चा एवम् परिचर्चा गरिएको भेटिन्छ । "मान्छेका अस्तित्वको कुनै अर्थ हुँदैन तर मान्छे स्वयम्ले नै आफ्नो अस्तित्वलाई अर्थ प्रदान गर्नुपर्दछ" (बेक, सन् १९४४, पृ. १२६–१३७) भनेर अस्तित्ववादीहरूले सधैँ मान्छेका एकाकीपनको चर्चा गर्दै आफ्नो अस्तित्वको सङ्घर्षमा ऊ सधैँ एक्लो खडा हुन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । अस्तित्ववादका अनुसार "मान्छे यो ईश्वरविनाको संसारमा एक्लै फालिएको हुन्छ जसको कुनै बनिबनाउ मूल्य हुँदैन अनि उसले आफैले आफूलाई बनाउनुपर्दछ" (हार्डर, सन् १९५२, पृ.५३४–५४७) । मान्छेले जीवनमा सधैँ एक्लोपनको अनुभव गर्दै बाँच्नुपर्दछ भनी यस वादले स्वीकार गरेको छ । सार्त्रले "मान्छे सुरुमा केही हुँदैन तर उसले आफूलाई के बनाउँछ भन्ने कुरा उसैमा भर पर्दछ" (रिच्टर, सन् १९७०, पृ. ४१५–४२२) भनेर मान्छेका एकाकीपनको सङ्केत प्रस्टसँग गरेका छन् । यस विरानो संसारमा आफूलाई नितान्त एक्लो पाउने मान्छेले आफूलाई केही बनाउनका लागि आफैले निर्णय गर्नुपर्दछ र त्यो निर्णय ऊ एक्लैले गर्नुपर्दछ किनभने त्यसमा उसलाई कसैको पनि सहयोग एवम् साथ मिल्दैन । उसले आफूलाई आफैले बनाउनुपर्दछ अर्थात् एक्लैले आफूलाई बनाउने निर्णय ऊ स्वयम्ले गर्नुपर्दछ अनि

त्यसैबाट उसको अस्तित्वसमेत प्रमाणित हुन्छ भन्ने मान्यता अस्तित्ववादीहरूले अगि सारेका छन् । "मान्छेको अस्तित्व भनेको त्यही हो जुन उसले स्वतन्त्र रूपमा छनोट गरेको हुन्छ" (ग्रिफिन, सन् १९५८, पृ.१५५–१६४) भनेर अस्तित्ववादीहरू मानिसले एक्लै आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्दै निर्णयसमेत गर्नुपर्दछ भन्ने कुरामा जोड दिन्छन् । आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्दागर्दै आखिर एक दिन उसको जीवन मृत्युमा साटिन पुग्छ । "मृत्युसत्यले उसको जीवनको एकाकीपनलाई अझै घना तुल्याइदिएको छ। एक दिन उसको मृत्यु हुन्छ। ऊ मर्छ तर मानवसंसार त्यसपछि पनि यथावत् चलिरहन्छ व्यक्तिको मृत्युले मानवसमाजको गतिमा कुनै तात्त्विक फेरबदल नहुनुले पनि व्यक्ति–जीवनमा व्याप्त एकाकीपनको पुष्टि हुन्छ" (पाण्डे, २०६२, पृ. ९२) यसरी एकाकीपनका बोधले मान्छेलाई एकातिर गहिरो पीडाको अनुभूति हुन्छ भने अर्कातिर त्यही पीडामा उसलाई आफ्नो अस्तित्वबोध पनि हुन्छ । आफूलाई यस संसारमा एक्लै फालिएको अवस्थामा पाएको अनुभूतिकै कारण मान्छेलाई "म एक्लै छु भन्ने कुराको बोध नै मेरो दुःखान्त हो" (टुलक, सन् १९५२, पृ. ३१–५२) भन्ने भावनाको समेत बोध हुन्छ भन्ने भनाइ सार्त्रको रहेको छ । जीवनभर आफूलाई सधैँ एक्लै भएको पाउने मान्छेले आफ्नो अस्तित्वको लडाइँमा सधैँ निर्णय पनि एक्लै गर्नुपर्दछ अनि त्यस किसिमको निर्णयबाट उत्पन्न अवस्थाप्रतिको उत्तरदायित्व पनि एक्लैले वहन गर्नुपर्दछ भनी अस्तित्ववादले मानेको छ । यसबारे सार्त्रले प्रस्टैसँग भनेका पनि छन्– "मेरा सबै उत्तरदायित्व केवल मेरै मात्र हुन्" (स्क्रिफ्ट, सन् २००६, पृ.३५) । आफूले गरेको निर्णयबाट आउने परिणाम जेजस्तो हुन्छ त्यसप्रतिको उत्तरदायित्वबोध मान्छेले एक्लै गर्नुपर्दछ र त्यो उत्तरदायित्व उसले अरू कसैमाथि थोपर्न नसक्ने हुनाले पनि उसका जीवनको एकाकीपन प्रस्ट हुन्छ । मान्छेले जीवनमा गर्ने एकाकीपनको बोध उसका चेतनाको अधिकारसमेत हो । मान्छे मात्र अस्तित्वशील प्राणी भएकाले त्यस किसिमको चेतनाबोध केवल उसैलाई हुन्छ र त्यही नै उसका पीडाको कारण पनि हो भनी अस्तित्ववादले स्वीकार गरेको छ । संसारमा आफूलाई सधैँ एक्लो अवस्थामा पाउने मान्छेले जीवनमा केही बन्नका लागि अर्थात् आफ्नो अस्तित्वको प्राप्तिका लागि कुनै न कुनै स्वतन्त्र निर्णय गर्नुपर्दछ तर त्यो निर्णय गर्न ऊ अहर्निश स्वतन्त्र हुन्छ अनि आफ्नो त्यस किसिमको स्वतन्त्र निर्णयबाट आइपर्ने अवस्थाप्रतिको उत्तरदायित्व पनि उसले एक्लै वहन गर्नुपर्दछ साथै उसले जीवनमा सधैँ एक्लोपनको तितो अनुभव गर्दै बाँच्नुपर्दछ भन्ने मान्यता अस्तित्ववादले प्रस्तुत गरेको छ ।

अस्तित्ववादी दर्शनको एक महत्त्वपूर्ण मान्यताका रूपमा रहेको एकाकीपनका आधारमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित 'राइटर बाजे' कथाको गहन विश्लेषण गर्न सकिने देखिन्छ । प्रस्तुत कथामा यसकी नायिका भोटिनीका चरित्र एवम् कार्यव्यापारमार्फत एकाकीपनको अभिव्यक्ति भएको पाइन्छ । प्रस्तुत कथामा आएका राइटर बाजे र भोटिनीका तीनवटी दिदीहरू भोटिनीकै अस्तित्वशील चरित्रलाई उजागर गर्नका लागि मात्र सहायक भएर आएका छन् । त्यसैले भोटिनीका चरित्र एवम् कार्यव्यापारका आधारमा प्रस्तुत कथामा भेटिने एकाकीपनको खोजी यस अध्ययनमा गरिएको छ र त्यसका लागि यहाँ वर्णनात्मक विधि अवलम्बन गरिएको छ । प्रस्तुत कथामा भोटिनीका चरित्र एवम् कार्यव्यापारमार्फत अभिव्यक्त एकाकीपनको विश्लेषणका लागि निम्नलिखित विश्लेषणको ढाँचा अँगालिएको छ :

(क) निर्णय गर्दाको एकाकीपन
(ख) उत्तरदायित्व वहन गर्दाको एकाकीपन
(ग) जीवनभोगाइको एकाकीपन

## निर्णय गर्दाको एकाकीपन

भोटिनी प्रस्तुत कथामा निकै चिन्तनशील एवम् विद्रोही पात्रका रूपमा उपस्थित भएकी छ । उसका चरित्रमा जीवनबचाइका क्रममा आइपर्ने अनेक सम–विषम परिस्थितिका द्वन्द्वबाट निकै माथि उठेर आत्मिक चिन्तनद्वारा स्वअस्तित्वलाई ठम्याई एक्लै स्वतन्त्र निर्णय गर्नसक्ने

साहस र त्यसबाट उत्पन्न जटिल परिस्थितिलाई आत्मसात् गर्ने धैर्य प्रतिविम्बित भएको छ । आफ्नो अस्तित्वलाई अक्षुण्ण राख्नका लागि उसले जीवनमा राइटर बाजेलाई पतिका रूपमा वरण गर्नका लागि गरेको आत्मिक निर्णयले उसका चारित्रिक विशेषतालाई उजागर गरेको छ । उसले गरेको आत्मिक निर्णयले एकातिर परम्परित सामाजिक मूल्यमान्यतालाई ठाडै चुनौती दिएको छ भने अर्कातिर त्यसले अस्तित्ववादी चिन्तन प्रक्षेपण गरेको छ ।

भोटिनीले आफूलाई काठमाडौँको गल्लीबाट उठाएर पालनपोषण गर्ने बाहुन राइटर बाजेलाई पतिका रूपमा वरण गर्ने साहसिक निर्णय गरेकी छ तर त्यस किसिमको निर्णय गर्दा उसले नितान्त एक्लोपनको बोध गर्नुपरेको यसमा देखाइएको छ । आफू भोटिनी भए पनि ब्राह्मण राइटर बाजेलाई पतिवरण गरेर उसले परम्परित सामाजिक मूल्यमान्यताका विरुद्ध आफूलाई खडा गरेकी छ । आफूलाई पाल्ने ब्राह्मण राइटर बाजेलाई पतिका रूपमा वरण गर्न नहुने हो कि भन्ने विचारलाई भोटिनीले आफ्ना मनमा कहिल्यै ढिम्किन पनि दिएकी छैन । उसले राइटरलाई वरण गर्दा अरूहरूको जीवनलाई हेरेकी छैन किनभने अरूको जीवन हेरेर त्यसै गरी जीवन बाँच्नुपर्दछ भन्ने भावनालाई उसले आफ्ना मनमा ठाउँ नै दिएकी छैन । उसलाई लागेकै छ– "अरूहरूको जीवनको सत्य मेरा लागि असङ्गत छ, बिलकुल निरर्थक" (कोइराला, २०५४, पृ. १८) । अरूकै जस्तो जीवन बाँच्नुको कुनै अर्थ नदेखेर उसले आफ्नो जीवनलाई आफ्नै ढङ्गले बाँच्ने जुन निर्णय गरेकी छ त्यो नितान्त एक्लो भई गरेकी छ अनि त्यस किसिमको निर्णयबाट उसको अस्तित्वशील चरित्र प्रमाणित भएको छ । राइटर बाजेका घरमा आएर रहनबस्न थालेपछि शरीरको स्वभावअनुसार हुर्कँदैबढ्दै गएकी भोटिनीलाई जब यौवनको अनुभूति हुँदै जान्छ तब उसले सम्पूर्ण घरायसी व्यवहार आफैले चलाउन थालेकी छ अनि राइटरप्रति अधिकारसमेत जमाउन थालेकी छ । त्यत्तिकैमा एक दिन राइटर बाजेले तलब र बाकसको साँचो हातमा राखिदिएर आउँदा दिनमा पनि तलब हातमा राखिदिने बताएपछि भोटिनीलाई आफ्नो स्वयंवर भइसकेको अनुभूति भएको छ । आफ्नो स्वयंवर भइसकेको अनुभूति भएपछि राइटरलाई पतिका रूपमा वरण गर्ने विषयमा एक्लैले निर्णय गर्न कठिन भएपछि भोटिनीले हेलम्बुमा बस्ने जेठी दिदी, बौद्धमा होटल चलाएर बस्ने माहिली दिदी र यौवनका सिँढी उक्लँदै दरबारकी रानी बन्न सफल भएकी साहिँली दिदीलाई भेटेर उचित सरसल्लाह गरेकी भए पनि दिदीहरूका सल्लाह भोटिनीका लागि भरपर्दा भएका देखिँदैनन् । दिदीहरूसँग सल्लाह गरिसकेपछि भोटिनीले यस्तो अनुभव गरेकी छ–"दिदीहरूले मलाई माया गरे र मेरो सहायक हुन चाहे तर मैले उनीहरूको सहायता पाउन सकिनँ– दिन चाहने हात र पाउन खोज्ने हात एक स्थलमा भएनन्" (पृ. २१) । दिदीहरूले बनाइदिएको जीवन बाँच्नुलाई भोटिनीले अर्थहीन ठानेकी छ किनभने ऊ आफैले सङ्घर्षका भरमा खडा गरेको संसारमा सार्थक जीवन बिताउन चाहन्छे । अरूका सल्लाहबमोजिम जीवनको महत्त्वपूर्ण निर्णय गर्नु उसका लागि उपयुक्त हुँदैन, ऊ अरूले थोपरिदिएको जीवन बाँच्न चाहने नारी होइन । त्यसको बोध उसलाई आत्मिक रूपमै भएको छ र उसले स्वयम् आफ्नाबारेमा निर्णय गरेर आफ्नो अस्तित्वको स्वतन्त्रतालाई अक्षुण्ण राख्नु अनिवार्य ठानेकी छ । उसलाई आत्मिक रूपमा आफ्ना अस्तित्वको अनुभव राम्रैसँग भएको छ– "मानिसको महान् निर्णय उसको आफ्नो व्यक्तिगत निर्णय हुन्छ । कसैको उदाहरण वा सल्लाह उसलाई काम लाग्दैन" (पृ. २२) । नभन्दै जीवनका महत्त्वपूर्ण क्षणमा उसलाई आफ्ना दिदीहरूका सल्लाहसमेत भुत्ते खुकुरी साबित भएका छन् ।

राइटरलाई पतिका रूपमा वरण गर्दा भोटिनी एक्लै हुन्छे र त्यो निर्णय पनि ऊ एक्लैले गरेकी छ । त्यस दिन उसले यस्तो सोचेकी छ– "स्वयंवरको दिनमा तमाम समस्याको मैले स्वयम् आफैले समाधान गर्नुपरेको थियो । फेरि यो समस्या त नारीको मनको समस्या हो, पुरुषको तर्क यहाँ काम लाग्ने थिएन" (पृ. २०) । उसको यस कथनमा राइटर बाजेलाई पतिका रूपमा वरण गर्दा उसले आफूलाई नितान्त एक्ली ठानेकी छ र पति वरण गर्ने कार्य केवल आफ्नो एक्लैको हो भन्ने पनि उसले बुझेकी

छ भन्ने कुरा प्रस्ट हुन्छ । उसको यस कथनमा पनि उसको जीवनका एकाकीपनको स्पष्ट सङ्केत पाइन्छ– "त्यस दिन मेरो जीवनको सबभन्दा ठूलो निर्णयमा मैले पुग्नु थियो, तर त्यहाँ मेरा त्यस्ता कोही पनि थिएनन् जोसँग म सल्लाह लिन सकूँ। कस्तो विडम्बना कि मेरो स्वयंवर भएको दिन मैले एक्लै हुनुपर्‍यो" (पृ. २०) । त्यस्तो एकाकीपनको बोध उसको चेतनाको अधिकार थियो, तसर्थ उसले राइटर बाजेलाई पतिका रूपमा वरण गर्ने निर्णय त्यही एकाकीपनका बोधबाटै गरेकीले उसको अस्तित्वशील चरित्र राम्ररी उजागर भएको पाइन्छ । जीवनमा आफ्नो अस्तित्वको प्राप्तिका लागि गर्नुपर्ने महत्त्वपूर्ण निर्णय एक्लै गर्नु मानव नियति नै रहेछ भन्ने कुराको बोध उसले राम्रैसँग गरेकी छ । त्यसलै उसलाई मनमा यस्तो लागेको छ– "मानव नियति नै यस्तै छ क्यारे कि जीवनका महान् क्षणमा त्यो एक्लै हुन्छ, त्यसले आफ्नो निर्णय एक्लै गर्नुपर्छ– अरू कसैको सल्लाह त्यसलाई काम लाग्दैन, अरू कसैको जीवनको उदाहरणले त्यसलाई बाटो देखाउँदैन" (पृ. २०–२१) । यसरी मान्छेले जीवनमा निर्णय गर्दा एक्लै गर्नुपर्दछ र त्यही एक्लै गरेको निर्णयबाटै उसको व्यक्तिअस्तित्व प्रमाणित हुन्छ भन्ने अस्तित्ववादी मान्यता भोटिनीमा चरितार्थ भएको देखिन्छ ।

भोटिनीले आफ्नै आश्रयदाता राइटरलाई पतिका रूपमा वरण गर्ने निर्णय एक्लै गरेकी छ । दाम्पत्य–जीवनको चरम सुखभोग गर्ने अभीप्सा पूरा भई नारीत्वले सार्थकता पाएको अनुभूति गर्दा एउटी छोरीसमेत जन्मेपछि मातृत्वले सार्थकता पाएको सुखानुभूतिसँगै भोटिनी आफ्नो जीवनका सम्पूर्णताको अनुभव गर्छे तर त्यो नियतिलाई मान्य हुँदैन । अचानक यमपाशमा परेर छोरी सदाका लागि महापथमा लम्केपछि आहत बनेकी ऊ छोरीसँगको वियोगका कारण भिजेका आँखा ओभाउन नपाउँदै राइटर बाजे क्षयरोगले थलिएपछि छाँगाबाट खसेजस्तै हुन्छे । क्षयरोगका कारण पतिको जागिरसमेत गएपछि जीवननिर्वाह गर्न नसक्ने अवस्था भोटिनीले झेलेकी छे । त्यस्तो जटिल परिस्थितिमा उसलाई एकातिर पतिको उपचार गरेर कठोर दायित्व पूरा गर्नुपर्ने अवस्था आइपर्छ भने अर्कातिर छाकलोको व्यवस्था गर्न पनि धौधौ पर्छ । एकपछि अर्को गर्दै समस्याका अनेक उद्दाम प्राचीरले थिच्न थालेपछि भोटिनीलाई आफू फेरि नितान्त एक्लो भएको अनुभूति हुन्छ । उसलाई मनमा लाग्छ– "मेरा कोही थिएनन् । एकदम अबला । के गरूँ ?" (पृ. २४) । आफू नितान्त एक्लो भएका अवस्थामा पतिलाई बचाउने सम्पूर्ण दायित्व आफ्नो काँधमा आएपछि सुरुमा उसले आफ्ना सबै गर्गहना बेचेर प्राप्त भएको आम्दानीबाट केही दिनसम्म त टारेकी छे तर पतिको अवस्थामा बीसको उन्नाइस पनि सुधार नहुँदा ऊ फेरि जीवनका जटिल मोडमा उभिन पुग्छे अनि उसलाई फेरि अर्को निर्णय गर्नुपर्ने अवस्था आइलाग्छ । क्षयरोगको प्रकोपका कारण आफ्नो मधौरो पति मृत्युशय्यामा छटपटाएका कारण नितान्त एक्लोपनको बोध गरेकी भोटिनीलाई त्यही एक्लोपनले नै अस्तित्वको बोधसमेत गराइदिन्छ । उसलाई त्यसवेला लाग्छ– "त्यस समय जीवनको एउटा अन्धप्रेरणाले मलाई बाँच्ने बाटो देखायो । सब कुराबाट निराश भएर पनि जीवनको धुकधुकीले परास्त स्वीकार गर्दो रहेनछ" (पृ. २४) । एकाकीपनको अनुभूति आत्मिक रूपमा भएपछि मान्छेलाई आफ्नो अस्तित्वबोध हुन्छ भन्ने अस्तित्ववादी चिन्तन यहाँ भोटिनीका भनाइमा सम्प्रेषित हुन पुगेको छ । राइटरलाई बचाउनका लागि चाहिने खर्च जुटाउनैपर्ने अवस्था आइलागेपछि ऊ त्यसको उपायसमेत निकालिहाल्छे– "केका लागि अब यो यौवनपूर्ण शरीरलाई साँचेर राख्छेस् ? त्यसको प्रयोग गर्ने समय आएको छ" (पृ. २४) । व्यक्ति प्रत्येक क्षण आफ्ना स्वतन्त्रताको उपभोग गर्दै आफूलाई पुनर्सिर्जित गर्दछ भन्ने मान्यता अस्तित्ववादीहरूले अगि सारेका छन् र यहाँ भोटिनीले एक्लै आफ्नो सुन्दर एवम् कमनीय शरीरको उपभोग गर्ने निर्णय गरेर क्षणभोगको अस्तित्ववादी मान्यतालाई समेत वाणी दिएकी छे ।

राइटर बाजेसँगको आत्मिक प्रेमबाट चरम सुखानुभूति गरेकी भोटिनीका पतिव्रता धर्मले स्वैरिणी बन्ने बाटो अवश्यै छेकेको हुन्छ तर उसभित्रकी नारीले त यस्तो अनुभव गर्छे– "के आफ्नो पुरुषका खातिर त्यो वर्जित

छ ? पुरुषको हितका लागि नारीले गर्न नहुने कुनै कार्य छैन" (पृ. २४) । नारीले आफ्ना पुरुषबाहेक अरू कसैसँग पनि किमार्थ समागम गर्नुहुँदैन भन्ने परम्परित सामाजिक मान्यता एवम् धारणामा भोटिनीले कुनै तुक देखेकी छैन, अझ पतिका लागि नारीले जे पनि गर्न सक्छे भन्ने कुराको बोध उसले गरेकी छ । उसलाई लाग्छ– "पत्नीको मर्यादाको सीमा होला, तर के नारीको प्रेमको सीमाङ्कन कसैले गर्न सकेको छ ? आखिर पत्नी भनेको नारीत्वमाथि उभिएको एउटा मूर्ति त हो नि" (पृ. २४) । आखिर आफू अर्थात् आफ्ना शरीरमाथिको आफ्नो स्वयम्सिद्ध अधिकार कसैले खोस्न सक्छ भन्ने कुरा उसलाई लाग्दैन अनि उसले आफूमाथिको अधिकार गुमाउनु भनेको आफ्नो वास्तविक अस्तित्व गुमाएर अस्तित्वहीन जीवन बाँच्नु हो भन्ने ठानेकी छे । आफूमाथिको अधिकार गुमाएर बाँच्नुको कुनै अर्थ नदेखेर उसले परम्परित मूल्यमान्यताका अलमलमा नपरी सचेत कर्मद्वारा आफ्नो मूल्यको निर्माण स्वयम् गर्नुपर्दछ भन्ने कुराको बोध गरेर गणिकावृत्ति अँगाल्ने निर्णय गरेकी छ र त्यो निर्णय उसले एक्लोपनको बोधबाटै गरेकी हो । गणिकावृत्ति अँगाल्ने स्वनिर्णय गरेर आफ्नै घरलाई वेश्यालय बनाई त्यस वृत्तिबाट आउने कमाइबाट पतिलाई बचाउनका लागि निरन्तर एक्लै सङ्घर्ष गरेर उसले आफ्नो अस्तित्व प्रमाणित गरेकी छ ।

प्रस्तुत कथामा भोटिनीले राइटर बाजेलाई पतिका रूपमा वरण गर्दा र पति क्षयरोगका कारण थलिएपछि आर्थिक अवस्था जर्जर भएपछि पतिलाई उपचार गर्नका लागि आवश्यक पर्ने खर्चको जोहो गर्नका लागि गणिकावृत्ति अँगाल्ने निर्णय गर्दा एकाकीपनको बोध गरेकी छ । उसको त्यस किसिमको एकाकीपनबाट व्यक्तिले आफ्नो अस्तित्वको प्राप्तिका लागि गर्ने निर्णयका क्षणमा नितान्त एक्लो हुनुपर्दछ भन्ने अस्तित्ववादी चिन्तन यसमा सम्प्रेषित हुन पुगेको छ ।

## उत्तरदायित्व वहन गर्दाको एकाकीपन

प्रस्तुत कथामा यसकी नायिका भोटिनीले आफ्नो अस्तित्वको प्राप्तिका लागि एक्लै निर्णय गरेर जीवनमा कठोर सङ्घर्ष गर्नुपरेको देखाइएको छ । अरूले बनाइदिएको संसारमा रमाएर अस्तित्वहीन भएर बाँच्नुभन्दा आत्मिक निर्णय गर्दै आफ्नो अस्तित्वको स्वतन्त्रतालाई उसले अक्षुण्ण राखेकी छे । जीवनमा एकाकीपनको अनुभूतिका कारण एकातिर पीडाबोध गरेकी भए पनि अर्कातिर उसलाई एकाकीपनका बोधको अनुभूतिसँगै अस्तित्वको पनि बोध हुन्छ । आफ्नो अस्तित्वबोधकै कारण उसले जीवनमा राइटर बाजेलाई पतिका रूपमा वरण गर्ने र बिरामी पतिलाई बचाउनका लागि वेश्या बन्ने निर्णय उसले आत्मिक रूपमा एक्लैले गरेकी छ अनि त्यस किसिमको निर्णयबाट उत्पन्न अवस्थाप्रतिको उत्तरदायित्वसमेत एक्लैले वहन गरेर उसले आफ्नो आस्तित्विक चरित्रलाई उजागर गरेकी छ । ब्राह्मण पुरुष र भोटिनी नारीका बिचको वैवाहिक सम्बन्ध सामाजिक दृष्टिमा बेमेल कुरा भए पनि भोटिनीले तमाम सामाजिक मूल्यमान्यतालाई हाँक दिँदै राइटरलाई पतिका रूपमा वरण गर्दै खाँटी प्रेम हासिल गरेर दाम्पत्य–जीवनको चरम सुखसुविधा भोग्ने सौभाग्य हासिल गरेरै छाडेकी छ । त्यो सुख नितान्त उसकै सङ्घर्षको प्रतिफल हो, कसैको निगाहबाट उसलाई त्यो सुख हासिल भएको होइन । आफ्नो एक्लैको निर्णयबाट राइटरलाई पतिका रूपमा वरण गरेर दाम्पत्य–जीवनको चरम सुखसमेत भोटिनीले एक्लै भोग गरेकी छ जुन उसकै कठोर सङ्घर्षको प्रतिफल हो । दाम्पत्य जीवनका चरम सुखानुभूतिसँगै आफ्ना नारीत्वले सार्थकता पाएको अनुभव गर्दागर्दै एउटी छोरीसमेत जन्मेपछि उसले आफ्ना मातृत्वको सार्थकता पनि अनुभव गर्दै समग्र जीवनका सार्थकताको अनुभूति राम्रैसँग गरेकी छ तर त्यो नियतिलाई भने स्वीकार्य थिएन । अचानक छोरीको निधन भएपछि आफू खण्डित भएको अनुभूति गर्न नभ्याउँदै क्षयरोगले थलिएर राइटर बाजे पनि ओछ्यानमा लडेपछि भोटिनीलाई एकाकीपनको बोध गर्दै जीवन बाँच्नुको अर्को कुनै विकल्प थिएन । उसलाई बोधसमेत भएको छ– "मेरा कोही

थिएनन् । एकदम अबला" (पृ. २४) । पति बिरामी भई ओछ्यान पर्दा जागिरसमेत गएपछि भोटिनीलाई एकातिर दैनिक जीवन चलाउन खर्चको अभाव हुन्छ भने अर्कातिर बिरामी पतिको औषधोपचार गर्नका लागि चाहिने खर्च जुटाउन समस्या पर्छ । अचानक समस्याहरूका करेपमा परेपछि जीवनसङ्घर्षका मैदानमा उसले आफूलाई नितान्त एक्लो पाउँछे जुन उसकै वरणस्वतन्त्रताका कारण उत्पन्न परिस्थितिप्रतिको उत्तरदायित्वका रूपमा रहेको छ । राइटरलाई पतिका रूपमा वरण गरेपछि उत्पन्न अवस्था (सुख र दुःख दुवै) प्रतिको उत्तरदायित्व वहन गर्दा भोटिनीले एकाकीपनको अनुभव गरेकीले उसको अस्तित्वशील चरित्र उजागर भएको छ ।

पति क्षयरोगका कारण ओछ्यान परेपछि चरम आर्थिक अभाव झेल्नुपरेपछि भेटिनीले पतिलाई औषधोपचार गरेर बचाउनका लागि आवश्यक खर्चको जोहो गर्ने कुनै उपाय नदेखेपछि उसले गणिकावृत्ति अँगाल्ने स्वनिर्णय गरेकी छ । पति नै रहेनन् भने आफ्नो शारीरिक हिसी केका लागि भन्ने आत्मबोध भएपछि ऊ त्यही शरीरको उपयोग गर्दै खर्चको जोहो गर्नका लागि आफ्नै घरलाई वेश्यालय बनाउँछे तर पनि न पति नै बाँच्छ न त उसको आयुशेष नै सुखद रहन्छ । वेश्याशøयामा ग्राहक बटुलेर शरीरदान गरे पनि पतिलाई बचाउन नसकेकी भोटिनी आफै कुष्ठरोगको सिकार हुन पुग्छे जुन उसको आफ्नै स्वतन्त्र निर्णयका कारण उत्पन्न परिस्थिति हो । राइटरलाई पतिका रूपमा वरण गर्ने स्वतन्त्र निर्णयबाट क्षणिक सुखभोग गरेकी भए पनि पति क्षयरोगका कारण ओछ्यानमा लडेपछि औषधोपचारका लागि चाहिने खर्चको जोहो गर्न औपस्थिक नारी हुन बाध्य भएकी भोटिनी अन्ततः कुष्ठरोगले पीडित भई अपश्री शरीर लिएर बाँच्न विवश हुन्छे । कुष्ठरोगको सिकार हुनु सम्भवतः उसले वेश्या बन्नका लागि गरेको निर्णयकै कारण उत्पन्न अवस्थाप्रतिको उसको उत्तरदायित्व हो । क्षयरोगका प्रकोपले पतिको निधन भएपछि उपहारका रूपमा पाएको कुष्ठरोगलाई साथमा लिएर नितान्त एक्लो महसुस गर्दै जीवन बिताउन ऊ बाध्य हुन्छे । त्यसवेला उसलाई लाग्छ– "एउटा अनन्त शून्यमा म प्रवेश गरिरहेकी छु" (पृ. २६) । पतिसँगको विछोडसँगै कुष्ठरोग लिएर एक्लै श्रीहीन भई नीरस जीवन बाँच्न विवश भएकी भोटिनीले आफूलाई अवस्तुता (शून्यता) को स्थितिमा पुगेको अनुभव गरेकी छ । उसले अवस्तुताको स्थितिसँग साक्षात्कार गर्दै एक्लोपनको महसुस गर्नुपरेको छ । यी घटनाले उसलाई नितान्त एक्लो पारिदिन्छन् तर ती घटनाबाट उसले स्वयम्लाई अलग्याउन सकेकी छैन । अवस्तुतासँगको साक्षात्कार हुनु भनेको अस्तित्वका वास्तविकताको पहिचान गर्नु हो र त्यही बिन्दुबाट नै व्यक्तिको अस्तित्वका निर्माणको क्रम सुरु हुन्छ भनी अस्तित्ववादले स्वीकार गरेको छ । जीवनका एकाकीपनबाटै व्यक्तिले अस्तित्वबोध गर्दछ भन्ने अस्तित्ववादी चिन्तन प्रस्तुत कथामा अभिव्यञ्जित भएको छ ।

यसरी प्रस्तुत कथामा यसकी नायिका भोटिनीले स्वतन्त्र रूपमा निर्णय गरेर राइटरलाई पतिका रूपमा वरण गर्नुका साथै गणिकावृत्ति अवलम्बन गरेपछि उत्पन्न अवस्थाप्रतिको उत्तरदायित्व (पतिको खाँटी प्रेम पाएको र कुष्ठरोग ग्रहण गर्नुपरेको अवस्था) एक्लैले वहन गरेकी छ र त्यस किसिमको उत्तरदायित्वबाट ऊ पन्छिन नसकेको पनि यसमा देखाइएको छ ।

## जीवनभोगाइको एकाकीपन

प्रस्तुत कथाकी प्रमुख नारी पात्र भोटिनीका माध्यमबाट व्यक्ति एकाकीपनको बोध गर्दै जीवन बाँच्न विवश हुन्छ भन्ने अस्तित्ववादी चिन्तन अभिव्यक्त भएको पाइन्छ । कथाका सुरुमा जसरी ऊ काठमाडौँका गल्लीमा थाङ्नु लगाएर माग्दै हिँडिरहेकी एक्ली असहाय बालिकाका रूपमा देखापरेका कुराको वर्णन गरिएको छ त्यसबाट हरेक व्यक्तिले आफूलाई यस बिरानो संसारमा एक्लै फालिएको अवस्थामा पाउँछ भन्ने अस्तित्ववादी चिन्तनलाई वाणी दिइएको छ । काठमाडौँका गल्लीमा एक्लै माग्दै हिँडेका अवस्थामा राइटरले घरमा ल्याएर हुर्काई–बढाई गरेपछि भोटिनीले एक्लै निर्णय गरेर उनै राइटरलाई पतिका

रूपमा वरण गरी चरम दाम्पत्यसुखको भोग गरेर खुसहाल जीवनमा रमाउने अवसर पाएकी छे । राइटरको जुन प्रेम पाएर भोटिनीले आफ्नो नारीत्वले सार्थकता पाएको अनुभव गरेकी छ त्यो उसले एक्लैको सङ्घर्षबाट हासिल गरेकी हो, त्यो उसलाई कसैको आशीर्वादबाट प्राप्त भएको होइन । त्यस्तै, एउटी छोरीसमेत जन्मेपछि आफ्नो मातृत्वले सार्थकता पाएको अनुभूति गर्दै आफ्ना जीवनको पूर्ण सार्थकताको अुनभव गर्दै उसले तोषक सन्तुष्टि त पाएकी छे तर त्यो स्थायी हुन सकेको छैन । केही समयपछि नै अचानक छोरीको निधन भएपछि ऊ आफू खण्डित भएको अनुभव गर्छे । छोरीको मृत्युका कारण विषादका अश्रुले भिजेका आँखा ओभाउन नपाउँदै पति क्षयरोगका कारण ओछ्यानमा लडेपछि भोटिनीको जीवनमा पूर्णतः फुमडीको अवस्था आइपर्छ । त्यस्तो परिस्थितिमा उसले आफूलाई नितान्त एक्लो अनुभव गरेकी छ तर एकाकीपनको बोध भए पनि ऊ जीवनमा आइपरेको जटिल समस्याबाट भागेकी छैन । अभावसँग सिँगौरी खेल्ने अनि समस्याहरूसँग जुध्ने हिम्मत जुटाइरहेका अवस्थामा खर्चको जोहो गर्न नसक्दा पतिलाई गुमाउनुपर्ने भयका कारण पतिसँगको प्रेमलाई अक्षुण्ण राख्नका निमित्त आफ्नै शरीरदान गरेर अर्थात् वेश्या बनेर अर्थोपार्जन गर्ने निर्णय गर्नुपर्दा उसले आफूलाई नितान्त एक्ली भएको महसुस गरेकी छ । पति बिरामी भएपछि ऊ आफूलाई एक्लो ठान्दै भन्छे –"मेरा कोही थिएनन् । एकदम अबला" (पृ. २४) । अझ शरीर बेच्दा पनि पतिलाई बचाउन नसकेपछि एक्लो महसुस गरेकी उसले पति मरेकै दिन आफ्ना नाकमा कुष्ठरोगका प्रथम चरणको चिह्नका रूपमा एउटा सेतो दाग देखेपछि आफूलाई नितान्त असहाय एवम् अबला महसुस गरेकी छ । उसले ठानेकी छे –"एक्लै आएँ, एक्लै गैरहेकी छु" (पृ. २७) । यसरी कुष्ठरोगसँग जुध्दै अन्त्यमा मृत्युसँग साक्षात्कार गर्न पुगेकी भोटिनीले एकाकीपनबोध गर्दै जीवन भोग्नुपरेको अवस्था प्रस्तुत कथामा देखाइएको छ ।

यसरी काठमाडौँका गल्लीमा आफूलाई एक्लै फालिएको अवस्थामा पाएकी भोटिनीले आफ्नो अस्तित्वको स्वतन्त्रतालाई अक्षुण्ण राखेर आफ्नै लालनपालनकर्ता राइटरलाई पतिका रूपमा वरण गरेर दाम्पत्य–जीवनको चरम सुखभोग गर्दै अनि छोरी जन्मेपछि मातृत्वका चरम सुखानुभूति गर्दै जीवनका पूर्णताको बोध गरेकी भए पनि अचानक छोरीको मृत्यु हुन गई पतिसमेत क्षयरोगका कारण केही समयसम्म सङ्घर्ष गर्दै जीवनसँग हार खाएर महापथमा प्रस्थान गरेपछि कुष्ठरोगलाई साथमा लिँदै एकाकीपनबोध गर्दै जीवनभोगाइको तीतो अनुभव लिई बाँच्न बाध्य हुनुपरेको यसमा देखाइएको छ ।

## निष्कर्ष

कोइरालाले रचना गरेको 'राइटर बाजे' कथामा अस्तित्ववादका मूलभूत मान्यताहरूमध्येको एक एकाकीपनको अभिव्यक्ति निकै प्रभावकारी ढङ्गमा भएको पाइन्छ । हरेक व्यक्तिले आफूलाई यस ईश्वरविनाको विरानो संसारमा नितान्त एक्लै फालिएको अवस्थामा पाउँछ र यो मानवसंसारमा ऊ एक पृथक् अस्तित्वका साथ सधैँ नै मान्छेहरूका भीडमा एक्लै बाँचिरहेको हुन्छ भन्ने मान्यता अस्तित्ववादले अगि सारेको छ । यही एकाकीपनका बोधबाट उसलाई आफ्ना अस्तित्वको समेत बोध हुन्छ भन्ने मान्यता पनि यस वादको रहेको छ । कोइरालाको प्रस्तुत कथामा एकाकीपनको बोध गर्दै व्यक्तिले आफ्नो अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दछ अनि त्यही निर्णयका कारण जीवनमा आइलागेका अवस्थाप्रतिको उत्तरदायित्व पनि एक्लै वहन गर्दै जीवन भोगिरहेको हुन्छ भन्ने अस्तित्ववादी चिन्तनको अभिव्यक्ति गरिएको छ । त्यस किसिमको अस्तित्ववादी चिन्तनको अभिव्यक्ति कथाकी नायिका भोटिनीका चरित्र एवम् कार्यव्यापारमार्फत निकै सशक्त ढङ्गमा गरिएको छ । एकाकीपनबोध गर्दै व्यक्तिले आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्नुपर्दछ भन्ने चिन्तन यसमा भोटिनीका चरित्र एवम् कार्यव्यापारबाट सम्प्रेषित गरिएकाले यो कोइरालाको अस्तित्ववादी कथा हो भन्ने तथ्यसमेत निष्कर्षित हुन पुगेको छ । कथामा अभिव्यक्त नयाँ चिन्तन (अस्तित्ववादी

चिन्तन) को उद्घाटन गरिएकाले प्रस्तुत अध्ययनकार्य प्राज्ञिक जगत्मा महत्त्वपूर्ण उपलब्धि ठहरिने देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


कोइराला, विश्वेश्वरप्रसाद (२०५४). *श्वैतभैरवी* (पाँचौँ संस्क.). ललितपुर : साझा प्रकाशन ।

ग्रिफिन, जेम्स टी/James, G. T. (1968). The fathers of existentialism. *Philippine studies, 6(2),* 155-164.

टुलक, डोरेन एम./Tulloch, D. M. (1952). Sartrian Existentialism. *The Philosophical Quarterly*, 2(6), 31-52.

पाण्डे, ज्ञानू (२०६२). *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद*. काठमाडौँ : नेपाली आख्यान समाज ।

बेक, म्याक्सिमिलियन/Beck, M. (1944). Existentialism. *Philosophy and phenomenological research,* 5(1), 126-137.

रिच्टर, एन्डर्स/Richter, A. (1970). The existentialist executive. *Public and ministration review,* 30(4), 415-422.

स्क्रिफ्ट, एलन डी./Schrift, A. D. (2006). *Twentienth century French philosophy key themes and thinkers*. USA, UK and Australia: M Blackwell Publishing.